# रोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रोशी - ७, अमलटार, काभ्रेपलाञ्चोक

## बागमती प्रदेश, नेपाल

### आ.व. २०८३।८४ को लागि

### रोशी गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन

### सम्बन्धी दरभाउपत्र फाराम

**सिलबन्दी बोलपत्र पेश गर्ने :**

| | |
|---|---|
| आन्तरीक आय ठेक्का नं. : | RRM/ADV/1/2083/84 |
| दरभाउपत्रको विषय क्षेत्र/नाम : | रोशी गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन |
| फर्म/दरभाउपत्रदाताको नाम : | |
| दरभाउपत्र दाताको ठेगाना : | |
| सम्पर्क नं. : | |

CamScanner

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## विज्ञापन कर संकलन सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**प्रकाशित सूचना मितिः २०८३।०५।२४**

प्रस्तुत विषयमा रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रोशी-७, अमलटारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार रोशी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा ८ मा तोकिएको दरमा यस गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्न गराउन यस दरभाउपत्रमा तोकिएको शर्तहरुको अधिनमा रहि यस गाउँपालिकाको क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने कार्यको लागि राष्ट्रिय स्तरमा ठेक्का बढाबढको माध्यमबाट रितपूर्वक दरभाउपत्र पेश गर्न दरभाउपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधिनमा रही तोकिएको मिति र समयभित्र दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. दरभाउपत्रदाताले प्रस्ताव गर्दा गाउँपालिकाले तोकिएको न्यूनतम अंक मू.अ.कर बाहेक रु. २,५०,०००/- (अक्षेरुपी दुई लाख पचास हजार मात्र) भन्दा घटी नहुने गरी रकम कबोल गर्नु पर्नेछ।

२. दरभाउपत्र सम्बन्धी कागजात दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र रोशी गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको वेबसाइट www.roshimun.gov.np बाट download गरी प्राप्त गर्न सकिनेछ।

३. दरभाउपत्र फाराम खरिद गर्दा वा पेश गर्दा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ता अध्यावधिक प्रमाणपत्र, स्वघोषणा - पत्रका साथै लिखित निवेदन संलग्न गरी मिति २०८३।०६।०७ गते कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालय रोशी - ७, अमलटार काभ्रेपलाञ्चोकको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ। साथै यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०३६१८२११५५०, राजस्व शीर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर वापत तोकिएको रकम रु १,०००।- (एक हजार मत्र) जम्मा गरी सो को भौचर तथा रसिद संलग्न गरी गाउँपालिकामा मिति २०८३।०६।०८ गते दिनको १२:०० बजेसम्म दरभाउपत्र पेश गर्नुपर्ने छ।

४. दरभाउपत्र फारामसाथ धरौटी वापत मूल्य अभिवृद्धि कर (VAT) सहित कबोल अंकको ३ (तिन) प्रतिशतले हुन आउने दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको सिद्धार्थ बैंक लिमिटेड, कटुन्जेबेशीमा रहेको निम्न धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन अवधि रहेको यस कार्यालयको पक्षमा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी (विडवण्ड) संलग्न गर्नुपर्नेछ।

**धरौटी वापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नाम : सिद्धार्थ बैंक लिमिटेड | खातावालाको नाम : रोशी गाउँपालिका |
| खाताको नाम : ग ३.१ धरौटी खाता | खाता नं. ०३६१५०३१७२१ |

५. गाउँपालिकामा प्राप्त हुन आएका दरभाउपत्रहरु मिति २०८३।०६।०८ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन।

६. दरभाउपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्ने गएमा सो दिन पछि कार्यालय खुलेको दिन दरभाउपत्र खोल्ने समय कायम हुनेछ।

७. कुल कबोल रकम मू.अ.कर समेत सम्झौता गर्दाका बखत नै एकमुष्ट बुझाउनुपर्नेछ।

८. दरभाउपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन।

९. दरभाउपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दवैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

१०. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा स्व-घोषणा कागजात दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।

११. आ.व. २०८३/८४ आषाढ मसान्तसम्म अवधिको लागि उक्त कर संकलन गर्न पाउनेछ।

१२. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कारवाही हुने छैन।

१३. नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आयकर, मुल्य अभिवृद्धि कर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ।

१४. ठेक्का सम्झौता बमोजिमको बुझाउनुपर्ने मू.अ.करको हकमा रकम दाखिला गर्दाका बखत नै किस्ता वापतको रकममा १३ प्रतिशत थप रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्नेछ। ठेक्का सम्झौताभन्दा बढी कर संकलन भएको खुण्डमा बढी असुल भएको रकमको नियमानुसारको मू.अ.कर दाखिला गर्ने जिम्मेवारी स्वीकृत दरभाउपत्रदाता स्वयंको हुनेछ।

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१५. सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सवैभन्दा बढी रकम कबोल गर्न दरभाउदाता कबुलियत/सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काका लागि दरभाउपत्रसाथ राखेको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ ।

१६. स्वीकृत दररेटभन्दा बढी शुल्क असुल गर्न पाइने छैन । दरभाउपत्रदाताले कर संकलनका लागि प्रयोग गर्ने रसिद यस कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ । साथै राजमार्गमा वा सडकमा ढाँट राखी कर संकलन गर्न पाइने छैन ।

१७. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय रोशी- ७ अमलटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९८५१२०१९३७ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

१८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१९. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

२०. विज्ञापन करको दरहरु देहाए बमोजिम रहेको छ ।

| सि.नं | राजस्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन तथा परिचय पाटी (गाउँपालिकाले निषेध नगरेको क्षेत्रमा) | | | |
| क | होडिङ बोर्ड/साईन बोर्ड / थ्रिडि बोर्ड/ पोल बोर्ड/ हाईवे बोर्ड | प्रति वर्गफिट - वार्षिक | ६०।- | |
| ख | डि.पि.एस. बोर्ड | प्रति वर्गफिट - वार्षिक | ४०।- | |
| ग | भित्ते लेखन र सटर प्रिन्ट | प्रति वर्गफिट - वार्षिक | २०।- | |
| घ | पोल ब्यानर | प्रति हप्ता | २५०।- | |
| ङ | मदिरा तथा सुर्तिजन्य पदार्थ विज्ञापनमा थप २५% | | | |

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७ काभ्रेपलाञ्चोक

प्रमुख प्रशासकीय अधिकृत

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

**रोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

रोशी- ७, अमलटार, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

**रोशी गाउँपालिका क्षेत्र भित्रको विज्ञापन कर संकलन कामको (BOQ) फाराम**

आय ठेक्का नं. RRM/ADV/1/2083/84

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक।

विषय : दरभाउपत्र पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा रोशी गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्न गराउनको लागि आ.व. २०८३/८४ को कर शुल्क संकलनको लागि रोशी गाउँपालिकाबाट मिति २०८३/०५/२४ मा प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम निम्नानुसारको विवरण सहितको अंक कबोल गरी दरभाउपत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ।

| कर संकलन गर्न पाउने श्रोतको विवरण | कार्यालयबाट कायम आर्थिक वर्ष २०८३/८४ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | कबोल गरिएको रकम (मू.अ.कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| विज्ञापन कर | रु.२,५०,०००/-(अक्षेरपी दुई लाख पचास हजार मात्र) | | | |
| | १३ प्रतिशत मु.अ.कर रु. | | | |
| | कुल कबोल रकम रु. | | | |

सिलबन्दी दरभाउपत्रसाथ संलग्न सूचनामा रहेको शर्तहरुको अधिनमा रही उपरोक्त बमोजिमको कार्यको लागि यो बोलपत्र पेश गरेको छु/छौं। यस कार्यको लागि रोशी गाउँपालिकाबाट गरिने ठेक्का सम्बन्धी सम्झौताका अन्य शर्तहरुमा समेत मेरो/हाम्रो मञ्जुरी रहनेछ।

**फर्म वा कम्पनीको छाप**

फर्म वा कम्पनी नाम : ....................................................

ठेगाना : ....................................................

प्रोपाइटरको नाम : ....................................................

ठेगाना : ....................................................

प्रोपाइटरको सही छाप : ....................................................

मिति : ....................................................

रोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रोशी ७ काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल

टंक बहादुर नेगी
प्रमुख प्रशासकीय अधिकृत